नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)
बारा, कलैया

Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१९
:०५३-५५०४३
फ्याक्स नं.:०५३-५५००००

पत्र संख्या:-०८२/८३
चलानी नं.-

## प्रमुख जिल्ला अधिकारीबाट जारी भएको कर्फ्यू आदेश !
मितिः- २०८२।०५।२५

बारा जिल्ला लगायत मुलुकका विभिन्न भागमा हालै भएको प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भएको छ । यस विषम् परिस्थितिमा थप जनधनको क्षति हुन नदिन आम नागरिक सबैलाई संयमित हुन हार्दिक आग्रह गर्दछु । प्रदर्शन तथा अन्दोलनका क्रममा सरकारी तथा निजी सम्पत्ति माथि आक्रमण भई जनजीवन अस्तव्यस्त भएकोले यस परिस्थितिलाई सहज बनाउन नेपाली सेनासमेत सबै सुरक्षा निकाय परिचालन भएको अवस्था छ । सबैजना शान्त रही आ-आफ्नो घर/स्थानमा रहनुहुन हार्दिक अपिल गर्दछु।

आज मितिः २०८२/०५/२५ गते विहान ठीक ६:०० बजे देखि दिउँसो ३:०० बजेसम्म स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(क) र (ख) बमोजिम बारा जिल्लाको देहायका चार किल्ला तोकी सो सीमाना भित्र कसैले आवत-जावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा, बैठक तथा घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी गरिएको छ ।

<u>चारकिल्ला</u>

१ पूर्वः- रौतहट जिल्ला
२ पश्चिमः- पर्सा जिल्ला
३ उत्तरः- मकवानपुर जिल्ला
४ दक्षिणः- भारत

..............................
प्रकाश पौडेल
प्रमुख जिल्ला अधिकारी

नोटः- कर्फ्यूको आदेश अवधिभर अत्यावश्यक सेवाका सवारी साधनहरु, एम्बुलेन्स, दमकल, शव वाहन, स्वास्थ्यकर्मीका सवारी साधनहरु, सञ्चारकर्मीहरु, पर्यटक सवारी साधनहरु, मानव अधिकार तथा कुटनीतिक नियोगका सवारी साधनहरु र हवाई टिकटको आधारमा हवाई यात्रुहरुको आवगमनमा सुरक्षाकर्मीहरुबाट सहजीकरण हुनेछ ।